# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

प. सं.: २०८२/०८३
च. नं. : ८८२

मितिः २०८२।०९।२९

**श्री यो जो जससँग सम्वन्धित छ ।**

**विषय :- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्वन्धी सूचना ।**

पर्वत जिल्ला विहादी गाउँपालिका अन्तर्गतको श्री वहाकी माध्यमिक विद्यालय विहादी-४, चिलाउनेखर्क पर्वतमा रिक्त रहेको प्राथमिक तह को शिक्षक पदमा सरुवाको प्रकृया अगाडि बढाईदिन भनी विद्यालयको च. नं. ४५ मिति २०८२।०९।२८ को पत्रबाट अनुरोध भई आएकोले सम्वन्धित तहको लागि योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा शिक्षा नियमावलीको अनुसुची १७ बमोजिमको ढाँचामा हाल आफू कार्यरत विद्यालय, स्थानिय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमती सहित माथी उल्लेखित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धि निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत

**पुःनश्च**

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना :- wahakiss@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिएको बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथी कुनै कार्वाही हुने छैन ।
३. माध्यमिक तह (कक्षा ११-१२) मा व्यवस्थापन (लेखा विषय) अध्यापन गर्न सक्ने योग्यता भएकोलाई प्राथमिकता दिइने छ ।

**बोधार्थ :-**

श्री शिक्षा विकास तथा समन्वय इकाई, पर्वत ।
श्री वहाकी माध्यमिक विद्यालय विहादी-४, चिलाउनेखर्क, पर्वत ।
श्री सूचना प्रविधि शाखा वेबसाइटमा अपलोड गरिदिनुहुन ।